# दूध उत्पादनमा अनुदान वितरण कार्यविधि– २०७६

**प्रस्तावना** : मन्थली नगरपालिकामा व्यवसायिकरूपमा पशुपालन गरी दूध उत्पादन गर्ने कृषकहरूको व्यवसायमा टेवा पुऱ्याउनुका साथै दूध उत्पादनमा कृषकहरूलाई आकर्षित गर्ने, दूध उत्पादन गर्ने पशुपालक कृषकहरूलाई अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकाले 'दूध उत्पादनमा अनुदान वितरण कार्यविधि -२०७६' जारी गरी लागू गरिएको छ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **दूध उत्पादनमा अनुदान वितरण कार्यविधि,** २०७६ रहेको छ।

(२) यो कार्य विधि कार्यपालिका बैठकबाट पारित भएपछि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमा :

(क) "**कार्यालय**" भन्नाले मन्थली नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ।

(ख) "**दूग्ध उत्पादक**" भन्नाले दूधको उत्पादन गर्ने उद्देश्यले गाईभैंसी पालन गर्ने कृषकहरूलाई सम्झनु पर्दछ।

(ग) "**पशु सेवा शाखा**" भन्नाले मन्थली नगरपालिका अन्तर्गतको पशुपन्छी विकास शाखालाई सम्झनु पर्नेछ।

(घ) "**पशु सेवा केन्द्र**" भन्नाले मन्थली नगरपालिकाका विभिन्न वडामा रहेका पशु सेवासँग सम्बन्धित पशु सेवा केन्द्रलाई सम्झनु पर्नेछ।

(ङ) "**मूल्याङ्कन समिति**" भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्नेछ।

(च) "**विषय विज्ञ**" भन्नाले दूध दिने पशु सम्बन्धी ज्ञान भएको सरोकारवाला प्राविधिक कर्मचारी वा सोसँग सम्बन्धित विज्ञ व्यक्तित्व सम्झनु पर्दछ।

(छ) "**स्थानीय सरकार/स्थानीय तह**" भन्नाले मथली नगरपालिका सम्झनु पर्दछ।

३. **उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ : (क) अनुदान वितरण नीतिलाई प्रक्रियामुखीबाट परिणाममुखी तर्फ लैजाने।

(ख) दूध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो

व्यवसायलाई प्रतिष्ठित एवम् दीगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।

(ग) अनुदानको सही, दक्ष र प्रभावकारीरूपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

(घ) साना कृषकहरूको समेत उत्पादित दूध बजारमा सहज रूपमा विक्री वितरण गर्ने व्यवस्था गर्ने ।

(ङ) नगरपालिकाको प्रतिबद्धताअनुरूप दूधमा आत्मनिर्भरको लक्ष्य पूरा गर्न सहयोग गर्ने ।

(च) दूध उत्पादनका लागि पशुपालन गर्ने कृषकलाई आर्थिक टेवा पुऱ्याउने उद्देश्यले दूधमा अनुदान उपलब्ध गराउने ।

## परिच्छेद–२

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समिति** : (१) कृषकहरूले उत्पादन तथा विक्रीवितरण गरेको दूधको अभिलेख मूल्याङ्कन गरी अनुदान सिफारिस गर्न नगरपालिकामा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरीद नियमावली-२०६४ को परिधिमा रही म.न.पा.द्वारा गठित एक मूल्याङ्कन समिति रहने छ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : (क) मूल्याङ्कन समितिले अनुदान उपलब्ध गराउने कृषकहरूको मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि नगरपालिकामा पेस गर्न पर्नेछ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्थली नगरपालिका, पशु सेवा शाखा/पशु सेवा केन्द्रले आवश्यकताअनुसार गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन मूल्याङ्कनको प्रतिवेदन नगरपालिकामा पेस गर्नु पर्नेछ ।

## परिच्छेद – ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **तथ्याङ्क सङ्कलन तथा सूचीकृत गराउनेः** मन्थली नगरपालिकाले नगर क्षेत्रभित्र व्यवसायिक गाईभैंसी पालन गरी दूध विक्रीवितरण गर्ने कृषकहरूको संख्या र उत्पादन परिणामको तथ्याङ्क सङ्कलनको लागि कृषकहरूलाई सूचीकृत हुन प्रस्ताव आह्वान गर्न सक्नेछ। यसरी प्रस्ताव आह्वान गर्दा कृषकहरूको गाईभैंसी संख्या, दूध उत्पादन परिणाम र विक्रीवितरण गर्ने स्थानसमेत स्पष्टरूपमा गर्नु पर्नेछ ।

७. **पुष्ट्याइँको आधारः** नगरपालिकाले कृषकहरूको सूची तयार पारी सकेपछि उक्त कृषकहरूले दूध विक्री वितरण गर्ने डेरी लगायतका निकायहरूसँग उक्त परिणाममा दूध खरीदको पुष्ट्याइँको आधार माग गर्न सक्नेछ।

८. **मूल्याङ्कन तथा अनुदान वितरणः** कृषकहरूले उत्पादन गरेको दूधको खरीदविक्री

समेतको अभिलेखबाट पुष्ट्याइँ भएपछि मूल्याङ्कन समितिले गरेको सिफारिसको आधारमा नगरपालिकाले तोकेको दर रेटमा कृषकहरूलाई अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

९. यसरी उपलब्ध गराउने अनुदान रकम कृषकहरूलाई नगदै भुक्तानी वा बैङ्क खातामार्फत् चौमासिकरूपमा नगरपालिकाले भुक्तानी गर्नेछ ।

१०. मन्थली नगरपालिका पशु सेवा शाखाले दर्तावाला डेरी उद्योगहरूलाई कृषकहरूले विक्री गरेको दूधको परिणाम साप्ताहिक, मासिकरूपमा तथ्याङ्क अद्यावधिक गर्ने फारामको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## मापदण्ड

११. दूध उत्पादक कृषकहरूले आफ्नो व्यवसायिक फार्म सम्बन्धित निकायमा दर्ता गरेको हुनु पर्नेछ ।

१२. दूध उत्पादक कृषकहरूले आफूले उत्पादन गरेको दूध बजारमा रहेको डेरी उघोग, दुग्ध सङ्कलन केन्द्र लगायतका आधिकारिक रूपमा दूध खरीदविक्री गर्ने र त्यसको अभिलेख चुस्तदुरूस्त राख्ने निकायमा विक्रीवितरण गरेको हुनु पर्नेछ ।

१३. दूध विक्री वा आपूर्ति गरेको आधिकारिक अभिलेखका आधारमा नगरपालिकाले विक्री गरेको परिणामका आधारमा तोकेको मूल्य कृषकहरूलाई उपलब्ध गराउने छ ।

१४. डेरी उद्योगमा दूध विक्री वितरणमा सङ्लग्न कृषकहरूले आफ्नो फार्म/ गोठमा जैविक सुरक्षा विधि अवलम्बन गरेको हुनु पर्नेछ साथै दूधको गुणस्तर मापदण्डभित्र परेको हुनु पर्नेछ ।

१५. यस प्रकारको अनुदान प्राप्त गर्नको लागि दूध विक्रीवितरण गर्ने कृषकहरू मन्थली नगरपालिकाको स्थानीयबासिन्दा वा नगर क्षेत्रभित्र गाईभैँसी पालन गरी बसोबास गरेको हुनु पर्नेछ ।

## परिच्छेद -५

## आर्थिक पक्ष

१६. यस कार्यक्रममा मन्थली नगरपालिका पशु सेवाका प्राविधिक कर्मचारीलाई साप्ताहिक - रूपमा दर्तावाला डेरी उद्योगहरूमा गई तथ्याङ्क सङ्कलन गरेबापत प्रतिपटक यातायात तथा पारिश्रमिक खर्चबापत प्रतिव्यक्ति रू.१,०००/- मा कर कट्टी गरी भुक्तानी गरिने छ ।

१७. ततपश्चात् कार्यक्रमको प्रभावकारिताका आधारमा आवश्यकताअनुसार कार्यक्रमलाई निरन्तरता दिन सकिने छ ।

१८. यस कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परीक्षण तथा आर्थिक कारोबार सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियमअनुसार हुनेछ ।

## परिच्छेद- ६
## विविध

१९. **प्रगति माग गर्ने प्रक्रियाः** दूध सङ्कलक सहकारी / दूध खरीदविक्री गर्ने निजी डेरी उद्योगहरूसँग दैनिक दूध सङ्कलन गरेको र विक्री गरेको अध्यावधिक तथ्याङ्क मासिक रूपमा म.न.पा. माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन माग भई आएपछि दूध सङ्कलन सहकारी, डेरी लगायतका दूधको खरीदविक्री गर्ने निकायले नगरपालिकालाई तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ।

२०. **कार्यक्रमको प्रभावकारिताः** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य सङ्घीय तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजनाहरूसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना हुने गरी एकीकृत रूपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ।

२१. यस कार्य विधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्य कुरामा प्रचलित कानुनबमोजिम हुनेछ।

## अनुसूची– १

१. **डेरी उद्योगको नाम :** ..........................................................................

| क्र. सं. | कृषकको नामथर | ठेगाना | सम्पर्क नं. | दुहुना गाई संख्या | दुहुना भैँसी संख्या | महिना | गते | | अगाडिको कोलम बमोजिम क्रमबद्ध गते र बिहान/बेलुको रेर्कडिङ् गर्दे जाने | मासिक जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बिहानको दूध लि. | बेलुकाको दूध लि. | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |

❋ ❋ ❋